# CHILIME HYDROPOWER COMPANY LIMITED

Maharajgung, Kapanmarga, Kathmandu

## UNAUDITED FINANCIAL POSITION

as on 31st Aswin 2082 (October 17, 2025)

(Rs.'000)

| Particulars | 2082.06.31 (17.10.2025) | 2082.03.31 (16.07.2025) | 2081.06.30 (16.10.2024) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, plant and equipment | 2,140,846.39 | 2,154,625.39 | 1,635,089.25 |
| Capital Work-In-Progress | 42,454.88 | 42,454.88 | 528,101.87 |
| Investment Work-In- Progress | 284,391.22 | 268,505.07 | 264,521.29 |
| Financial Assets | - | - | |
| Investment in Subsidiary | 4,351,462.30 | 4,351,462.30 | 4,313,568.81 |
| Investment in Associate | 2,220,000.00 | 2,220,000.00 | 2,220,000.00 |
| Total non-Current Assets | 9,039,154.80 | 9,037,047.65 | 8,961,281.22 |
| Inventory | 91,913.47 | 90,050.35 | 97,534.41 |
| Advances and Deposit | 543,075.76 | 502,864.91 | 395,227.40 |
| Financial Assets | - | - | |
| Investment in Term Deposits | 325,012.91 | 325,012.91 | 1,823,656.31 |
| Other Current Assets | 2,032,210.38 | 1,789,515.29 | 269,723.02 |
| Cash and Cash Equivalent | 111,458.26 | 185,327.25 | 64,003.54 |
| Current Tax Assets( Net) | - | - | 5,214.72 |
| **Total Current Assets** | **3,103,670.78** | **2,892,770.72** | **2,655,359.40** |
| | | | |
| **Total Assets** | **12,142,825.58** | **11,929,818.36** | **11,616,640.62** |
| | | | |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Paid up Share Capital | 8,782,396.92 | 8,782,396.92 | 7,983,997.20 |
| Retained Earnings | 2,849,464.62 | 2,694,184.22 | 3,184,737.93 |
| **Total Equity** | **11,631,861.55** | **11,476,581.15** | **11,168,735.13** |
| | | | |
| Defined Benefit Plans | 185,675.50 | 185,675.50 | 168,504.63 |
| Deferred Tax Liabilities | 127,292.97 | 127,292.97 | 106,163.94 |
| **Total non-Current Liabilities** | **312,968.47** | **312,968.47** | **274,668.57** |
| Current Liabilities | | | |
| Provisions for Employee Benefits | 27,376.24 | 22,029.86 | 24,397.83 |
| Corporate Social Responsibility Fund | 21,404.33 | 19,337.12 | 21,672.92 |
| Financial Liabilities | - | - | |
| Trade and Other Payables | 73,319.08 | 63,563.25 | 85,648.03 |
| Current Tax Liabilities ( Net) | 75,895.91 | 35,338.51 | 41,518.12 |
| **Total Current Liabilities** | **197,995.56** | **140,268.75** | **173,236.90** |
| **Total Equity and Liabilities** | **12,142,825.58** | **11,929,818.36** | **11,616,640.62** |

## UNAUDITED PROFIT & LOSS ACCOUNTS FROM

1st Shrwan to 31st Aswin 2082 (17th July 2025 to 17th October 2025)

(Rs.'000)

| Particulars | FY 2082/083 (Up to Aswin) (2025/026) | FY 2081/082 (Up to Asadh) (2024/025) | FY 2081/082 (Up to Aswin) (2024/025) |
|---|---|---|---|
| Revenue | 353,082.70 | 1,126,576.34 | 361,855.00 |
| Direct Expenses | (26,593.44 ) | (124,612.36) | (28,913.00) |
| Royalty Expenses | (57,408.27) | (124,819.08) | (58,286.00) |
| **Gross Profit** | **269,081.00** | **877,144.90** | **274,656.00** |
| Employee benefit expense | (12,953.42) | (57,463.14) | (11,437.00) |
| Administrative Expenses | (7,950.20) | (27,801.64) | (6,711.00) |
| Depreciation and Amortization | (14,000.00) | (74,266.75) | (18,319.00) |
| **Profit from Operation** | **234,177.38** | **717,613.38** | **238,189.00)** |
| Finance Income | 31,964.89 | 134,746.35 | 20,343.00 |
| Other Income | 1,176.75 | 37,033.76 | - |
| Loss on Sales of Assets | | 22.86 | |
| **Profit/(Loss) Before Tax and Bonus** | **267,319.02** | **889,416.35** | **258,532.00** |
| Employee Bonus | (5,346.38) | (17,788.33) | (5,171.00) |
| **Profit/(Loss) Before Tax** | **261,972.64** | **871,628.02** | **253,361.00** |
| | | | |
| Current tax | (54,051.61) | (158,343.17) | (41,518.00) |
| Deferred tax Expense / (Income) | | (20,725.32) | |
| **Profit after Tax** | **207,921.03** | **692,559.53** | **211,843.00** |
| Corporate Social Responsibility Expenses | (2,079.21) | (6,925.60) | (2,118.00) |
| **Net Profit for the year** | **205,841.82** | **685,633.93** | **209,725.00** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक प्रतिवेदन ।

**१. वित्तिय विवरण :**

(१) प्रथम त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरू यसै साथ सम्लग्न गरिएको छ। प्रमुख वित्तिय सूचकहरू निम्नानुसार रहेका छन् :

| विवरण | २०८२/०८३ असोज मसान्त | २०८१/०८२ असोज मसान्त | कैफियत |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी | ९.३८ | ९.५५ | वार्षिककरण गरिएको |
| P/E Ratio | ५१.६३ | ५६.५८ | |
| प्रतिशेयर नेटवर्थ | १३२.४५ | १२७.१७ | |
| प्रतिसेयर कुल सम्पत्तिको मुल्य | १३८.२६ | १३२.२७ | |
| तरलता अनुपात | १५.६८ | १५.३३ | |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) गत आ.व. २०८१/०८२ को अनुपातमा यस आ.व. २०८२/०८३ को असोज मसान्तसम्मको विद्युत विक्री रू. ८७ लाख ७३ हजार अर्थात २.४२ % ले न्युन हुन गएको देखिन्छ। यस अवधिमा गत आ.व. को तुलनामा ने.वि.प्रा.ले थप अधिक उर्जा खरिद गर्न आवश्यक नभएकोले यस कम्पनीको विक्री हिसाबमा पनि सोही अनुसार असर हुन गएको छ। गत आ.व.को यसै अवधिको तुलनामा यस आ.व. मा वित्तिय वजारमा व्याज दरमा गिरावट आएतापनि कम्पनीले आफ्ना सम्वद्ध कम्पनीहरूलाई दिएको अल्पकालिन सापटिमा उपयुक्त दरमा पाएको व्याजका कारण व्याज आम्दानीमा रू. १ करोड १७ लाख अर्थात ५७.१३% ले वृद्धि हुन गएको छ। साथै यस अवधिमा चिलिमे टावरबाट प्राप्त भाडालाई अन्य आम्दानीमा देखाइएकोले अन्य आम्दानी पनि वृद्धि हुन गएको छ। हालको नगद मौज्दातलाई लाभांश दिन, नयाँ आयोजनाको पहिचान एवं विकास, अध्ययन, नयाँ कम्पनीहरूमा लगानी, चिलिमे कर्पोरेट भवन निर्माण, कार्यालय सञ्चालनार्थ लगायतका कामहरूका लागि उपयोग गर्दै लगिने छ।

(ख) चालू सम्पत्ति अन्तर्गत सान्जेन जलविद्युत कम्पनी, मध्य भोटेकोशी जलविद्युत कम्पनी लि. साथै रसुवागढी हाइड्रोपावर कम्पनी लि. लाई उपलब्ध गाराइएको अल्पकालिन सापिट र केही व्याज वापतको रकम समेत समावेश रहेको छ।

(ग) कम्पनीले अ.व. २०७७/०७८ को आय विवरण तयार गरी ठूला कर कार्यालयमा पेश गर्दा दावी गरिएको रकम मध्ये केही रकम उक्त कार्यालयले अमान्य गरिदिएको र व्याज तथा जरिवाना समेत लगाई रू. ५,०५,६१,३१४.३३ तिर्नु पर्ने दायित्व देखाएको र कम्पनीले तिर्नु पर्नेनै भएकोले भुक्तानी गरिएको हुँदा उक्त रकमलाई रिटेन्ड अर्निङमा समावेश गरिएको छ।

(ग) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन। तर मानवीय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सदा रहिरहने।

**३. कानुनी कारवाही सम्वन्धी विवरण :**

चिलिमे टावरको नक्शा पास वदर गरिपाउँ भनी सँधियारहरूले सम्मानित सर्वोच्च अदालतमा रिट हालेको व्यहोरा जानकारीमा आएको छ।

**४. संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :**

(क) सेयरको वजार मूल्यमा असाधरण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरू भएका छैनन्। संस्थाले अपेक्षित नाफा आर्जन गर्न सफल भएको र आगामी दिनमा अझ बढी सफलता हासिल गर्ने कुरामा व्यवस्थापन पक्ष विश्वस्त रही सम्वन्धित लगानीकर्ताहरूलाई पनि विश्वस्त गराउन चाहन्छ।

(ख) मिति २०८१/०९/२० गतेको २८औं वार्षिक साधारण सभाले पारित गरे बमोजिम साधारण सभा भएको मितिमा सेयरधनी दर्ता कितावमा नाम दर्ता रहेका सेयरधनीहरूले पाउने गरी कम्पनीको चुक्ता पुँजीको ५ प्रतिशत नगद लाभांश तथा मुनाफा रकमबाट चुक्ता पुँजीको १० प्रतिशत वोनश शेयर वितरण गर्ने प्रस्ताव पारित भए अनुसार शेयरधनीलाई घोषित प्रतिफल वितरण गर्ने कार्य जारी छ। वोनश शेयरलाई पूँजिकरण गरी वासलातमा देखाइएको छ। वोनश शेयर वितरणका लागि सम्वन्धित शेयरधनीको डिम्याट खातामा जम्मा गरिदिने योजना अनुरूप काम भई रहेको छ। वोनश शेयर डिम्याट गराउन नसकेका सेयरधनीहरूको हकमा शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत अभौतिकीकरण गराउन उच्चतम् प्रयास भैरहेको छ। हालसम्म पनि आफ्नो शेयर अभौतिकीकरण गराउन छुटेका शेयरधनीलाई यथाशिघ्र अभौतिकीकरण गराउन यसै प्रतिवेदन मार्फत अनुरोध पनि गरिन्छ।

(ग) प्रथम त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण :

| सेयरको अधिकतम मूल्य (रू.) | सेयरको न्यूनतम मूल्य (रू.) | सेयरकोअन्तिम मूल्य (रू.) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ५८४/- | ४८२/- | ४५६/- | ५१ | २०९९४ |

**५. समस्या र चुनौती :**

मुख्य प्रवर्द्धकको रूपमा रहेको यस कम्पनी अन्तरगतका सम्वद्ध कम्पनीहरू अन्तरगत प्रवर्द्धित कुल २७० मेगावाट क्षमताका चार वटा जलविद्युत आयोजनाहरूको निर्माण सम्पन्न भै विद्युत आपुर्ति भै सकेको छ तथापी रसुवागढी जलविद्युत आयोजनामा बाढी आएका कारण गत असार १९ गतेदेखि हालसम्म पनि सञ्चालनमा ल्याउन सकिएको छैन। यस आयोजनालाई सञ्चालनमा ल्याउनका लागि व्यवस्थापनवाट उच्चतम् प्रयास भै रहेको छ।

त्यस्तै गरी हाल यस कम्पनीले संभाव्यता अध्ययनका लागि अनुमति प्राप्त गरेका ८१ मेगावाट क्षमताको बूढीगण्डकी प्रोक जलविद्युत आयोजना, ९३ मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत आयोजना, ८७ मेगाबाट क्षमताको सेतिनदी-३ जलविद्युत आयोजना र ४५ मेगावाट क्षमताको स्यारखोला जलविद्युत आयोजनाहरू मध्ये ९३ मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत आयोजनाको संभाव्यता अध्ययन भैरहेको छ। ८१ मेगावाट क्षमताको बूढीगण्डकी प्रोक जलविद्युत आयोजना र ८७ मेगावाट क्षमताको सेतिनदी-३ जलविद्युत आयोजनाको हकमा विद्युत विकास विभागबाट उत्पादनको अनुमति पत्र प्राप्त भै सकेको छ। यी आयोजनाहरू काठमाडौंदेखि टाढा रहेका र आयोजना स्थल कम्पनीको लागि नयाँ भएको कारण संभाव्यता अध्ययन पूरा गरी निर्माण सम्पन्न गर्नु पनि कम्पनीको लागि चुनौती पुर्ण नै रहेको मान्नु पर्ने हुन्छ। उल्लेखित जलविद्युत आयोजनाहरूको संभाव्यता अध्ययन भने यस कम्पनीको सहायक कम्पनीको रूपमा स्थापित चिलिमे ईन्जिनियरिङ एण्ड सर्भिसेज कम्पनी लि. बाट भैरहेको छ।

**६. संस्थागत सुशासन :**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम/विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ। कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। त्यस्तै गरी पदपूर्ति समिति, खरिद मूल्याङकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको छ। आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ। संस्थागत विकास एवं सुदृढिकरण अन्तरगत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरू जस्ता विषयलाई पनि प्रथामिकता दिने गरिएको छ।

**७. प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रूपमा उत्तरदायी छु। साथै म यो उद् घोष गर्दछुकी मैले जाने वुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु। लगानी कर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु। थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको प्रयासलाई सधैं स्वागतयोग्य कदम ठान्ने छु।